'हाम्रो इच्छा, गुणस्तरीय शिक्षा

वि.कोड नं. ७००६००८

# श्री श्रीमान टंक माध्यमिक विद्यालय

धनकुटा न. पा - २, भीरगाउँ

कोशी प्रदेश, नेपाल

स्थापित - २०११

पत्र संख्याः ०८३/८४

चलानी नं. ३६

मितिः २०८३/०५ /१२

---

श्री धनकुटा नगरपालिका

धनकुटा ।

विषयः शिक्षक सरुवाको विज्ञापन प्रकाशन गरिदिनु हुन ।

प्रस्तुत सम्बन्धमा यस विद्यालयमा मिति २०८३ भदौ ११ गते देखि रिक्त रहने माध्यमिक तह तृतिय श्रेणी समाजिक विषयको शिक्षक विज्ञापनलाई तँहा कार्यालयको वेवसाइटमा प्रकाशित गराईदिनुहुन अनुरोध छ ।

नरबहादुर विश्वकर्मा

प्रधनाध्यापक

प्रधानाध्यापक
श्री श्रीमान टङ्क मा.वि., धनकुटा-२

"हाम्रो इच्छा, गुणस्तरीय शिक्षा ।"

# श्री श्रीमान टंक माध्यमिक विद्यालय

धनकुटा न.पा.-२, भीरगाउँ

कोशी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४

चलानी नम्वर :-

पान नं. : ३०१२५९०४९

मिति : २०८३/०५/१२

विषय:- सरुवा सहमतिका लागि दरखास्त आव्हान सम्वन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयमा मिति २०८३/०५/११ गते देखि माध्यमिक तह तृतीय श्रेणी सामाजिक विषयको शिक्षक पद संख्या १ (एक) स्थायी दरवन्दी रिक्त रहने हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/११ गतेको निर्णय र धनकुटा नगरपालिका शिक्षा शाखाको च.नं.३३६ मिति २०८३/०५/११ गतेको अनुमति पत्र अनुसार शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३ ) सरुवा सम्वन्धि व्यवस्था वमोजिम उक्त दरवन्दीमा शिक्षक सरुवा मार्फत पदपूर्ति गर्नु पर्ने भएकाले माध्यमिक तह तृतीय श्रेणी सामाजिक विषयको योग्यता पुगेको स्थायी दरवन्दीमा कार्यरत तथा सरुवाको लागि योग्य र इच्छुक शिक्षकहरूवाट मिति २०८३ भदौ १२ गते देखि २०८३ भाद्र २६ गते सम्म (यो सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र) कार्यालय समय भित्र सरुवा सहमतिका लागि तपसिल वमोजिमको कागजात सहित दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरू

१. सरुवा सहमतिका लागि हस्तलिखित निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. आफ्नो सेवा अवधि खुल्ने कागजात
४. स्थायी / अस्थायी नियुक्तिपत्रको प्रतिलिपि
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रतिलिपि
६. हाल कार्यरत विद्यालयमा सुरु हाजिरी भएको कागजात
७. असाधारण/वेतलवी विदा लिए/नलिएको कागजात
८. सम्वन्धित विद्यालयको सहमति पत्र
९. सम्वन्धित स्थानीय तहको सहमति पत्र
१०. अन्तर जिल्लाको हकमा सम्वन्धित शिक्षा विकास तथा समन्वय एकाइको सहमति पत्र
११. शिक्षा नियमावली (दशौं संशोधन २०८३ ) अनुसार प्राथमिकता दावी गर्ने प्रमाणपत्रहरू
१२. शिक्षा नियमावली २०५९ को अनुसूची १७ वमोजिमको फारम

नोटः उक्त अवधिभित्र प्राप्त रित पुगेका निवेदनहरू उपरमात्र शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३ ) तथा प्रचलित कानून वमोजिम मूल्यांकन गरी आवश्यक प्रक्रिया अगाडि वढाइने छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निवेदनहरू उपर कुनै कारवाही नहुने कुरा सम्वन्धित सवैको जानकारी का लागि समेत यो सूचना प्रकाशित गरिएको छ ।

वोधार्थ

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ धनकुटा (जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि)
२. श्री शिक्षा युवा तथा खेलकुद शाखा धनकुटा नगरपालिका (जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि)
३. श्री धनकुटा नगरपालिका २ नं. वडा कार्यालय (जानकारीका लागि)

विद्यालयको **Email- tankahss123@gmail.com**
सम्पर्क: ९८५२०५२०३२ (प्र.अ.), ९४४२४९९२३९ (सुचना अधिकारी) ९८४२११२८६४ (लेखा)

नर वहादुर विश्वकर्मा
प्रधानाध्यापक